गुर्भाकोट नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

**शुभाघाट , सुर्खेत**

**कर्णाली प्रदेश नेपाल**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०७५।१२।१०**

बोलपत्र खरीद गर्ने अन्तिम मिति २०७५।०१।०९ गते कार्यालय समय भित्र

बोलपत्र दर्ता गर्ने अन्तिम मिति २०७६।०१।१० गते दिनको १२:०० बजे भित्र

बोलपत्र खोल्ने मिति २०७६।०१।१० गते दिनको २:०० बजे सम्म

यस नगरपालिकालाई आवश्यक तपसिलमा उल्लेखित सडक निर्माण कार्यहरु सिलबन्दी बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकाले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यबशायीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

- बोलपत्र फारम माथि उल्लेखित दिन सम्म यस नगर कार्यपालिकाको कार्यालयबाट चालु आर्थिक वर्षको लागि नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणित प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र संलग्न राखी खरीद ईकाईबाट खरिद गर्न सकिनेछ । विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले bolpatra.gov.np/egp मा लग ईन गरी बोलपत्र पेश गर्न सक्नेछन् । यस्ता बोलपत्रदाताले बोलपत्र खोलेको मितिले ७ (सात) दिन भित्र अनिवार्य रुपमा सम्पुर्ण सक्कल कागजात (HARD COPY) नगर पालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।
- बोलपत्र कागजात यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक मेहेलकुनामा रहेको संचित कोष खाता नम्बर ४४८०३०४०१८१०२ मा रु. ३०००।- जम्मा गरेको सक्कल भौचर संलग्न राखी निवेदन पेश गरेमा कार्यालयबाट प्राप्त गर्न सकिने छ । इबिडिंगमा समावेश हुनेले समेत सोही बमोजिमको खातामा रकम जम्मा गर्नुपर्नेछ ।
- खरीद गरिएका बोलपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप लगाई माथि उल्लेखित अवधिभित्र नगरपालिकाको कार्यालय वा विद्युतीय माध्यमबाट बोलपत्र दर्ता गराउन सकिने छ ।
- बोलपत्र फारमसाथ बोलपत्र जमानत रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क श्रेणीको कुनै बाणिज्य बैंकबाट यस नगर पालिकाको नाममा जारी भएको बोलपत्र दर्ता गर्ने म्याद देखि कम्तीमा १२० दिन मान्य अवधि रहेको तपशिलमा उल्लेखित रकम बराबरको सक्कल बिडबण्ड संलग्न गर्नु पर्नेछ । नगद बोलपत्र जमानत राख्न चाहने बोलपत्रदाताले रा.वा. बैंक, मेहेलकुना शाखामा यस कार्यालयको नाममा रहेको धरौटी खाता नम्बर ४४८०३०३००७१०२ मा सोही बराबरको रकम नगद जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ ।
- दर्ता हुन आएका बोलपत्रहरु खोल्दा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर बोलपत्रदाताको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । माथि उल्लेखित कुनै दिन अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
- प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रीत नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । बोलपत्रमा प्रत्येक आईटमको दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
- बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम र सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ तथा प्रचलित कानुन अनुसार हुनेछन् । बोलपत्र सम्बन्धी थप जानकारीका लागी कार्यालय समयमा यस कार्यालयमा वा फोन नम्बर ०८३४१००७२ वा ९८५८०६५१११ मा सम्पर्क गर्न सकिने छ ।

| सि.नं. | ठेक्का नम्बर | सामग्री/प्याकेजको नाम | लगत अनुमान (भ्याट र कन्टेन्जिसी बाहेक) | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १. | NCB/WORKS/GM/01/2075-76 | नक्कले वडाखोलि पोखरीपाटा मालारानी काल्चे सडक निर्माण | रु. १,३५,५९,३२१।- | ४,१६,०००।- |
| २. | NCB/WORKS/GM/02/2075-76 | भेरी किनार जहरे शुभाघाट हुँदै घुमखहरे सडक निर्माण | रु. १,००,८४,७४४।- | ३,९५,०००।- |

०७५।१२।१०

टिकाराम टकाल
प्रमुख प्रशासकीय अधिकृत